# "बेलडाँडा अब पछि फर्कंदैन"



गणेश तिमल्सिना
नेपाल स्वास्थ्यको लागि पानी
मध्य तथा पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, भरतपुर, चितवन
आयोजनाका लागि आर्थिक सहयोग : वाटरएड नेपाल

गोर्खा जिल्लाको गाँखु गाउँ विकास समिति वडा नं ६, बेलडाँडा गाउँका वासिन्दाले १८-१९ वर्ष अघि पुस्तौंदेखि बेहोरिराखेको एउटा ठूले दुखबाट पार पाए। गोर्खा सदरमुकामदेखि उत्तरपश्चिम तर्फ पर्ने यस गाउँमा आर्थिक वर्ष २०४७/०४८ मा वाटरएड* को आर्थिक तथा प्राविधिक सहयोगमा खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भएपछि पानी लिन टाढासम्म भौतारिनु पर्ने अवस्था रहेन। आयोजनाको टोलशिक्षा कार्यक्रम मार्फत् उनीहरूले सरसफाइसम्बन्धी ज्ञान र चेतना पनि पाए। गाउँका बीचबीचमा पानीको धारो, घर-घरमा कच्ची नै भए पनि चर्पी भएकाले त्यतिखेर बेलडाँडाको इज्जत निकै बढेको थियो।



*पानीको सुविधाले बेलडाँडाका वासिन्दाको जीवन सहज भयो*

तर २०६० सालको बाढीले खानेपानीको मुहान भत्काइदिएपछि समस्या पैदा भयो। मानिसहरूमा सरसफाइका आनीबानीको विकास राम्ररी हुनै नपाई कच्ची चर्पी भत्किन थाले । बिस्तारै चर्पीको साटो पाखा र जङ्गल जाने पुरानो बानीले नै प्रश्रय पायो। गाउँलेले मुहानबाट अस्थायी पाइप जोडेर जेनतेन पानी ल्याए पनि पानीको पर्याप्तता अघिजस्तो रहेन। सबै घरमा पक्की चर्पी निर्माण हुन नसक्नु र पानीको अभावले पनि सरसफाइ उनीहरूको जीवनशैली बन्न सकेन।

यसैबीच गाँखु गाविसका अन्य वडाहरूमा पनि नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा खानेपानी तथा सरसफाइ आयोजनाहरू सञ्चालन हुन थाले। यी आयोजनाहरूमा खानेपानीका साथसाथै सरसफाइलाई अत्यन्त बढी महत्त्व दिइएको थियो।

## प्रेरणाको स्रोत आफैं रोगायो

बेलडाँडा छिमेकी गाउँहरूका लागि प्रेरणाको स्रोत थियो। किनभने कुनै समयमा खानेपानी र सरसफाइमा उदाहरणीय बनेको यो गाउँले नै अरु गाउँलाई यी सुविधाप्रति आकर्षित गरेको थियो। त्यसैले छिमेकी गाउँहरूले खानेपानी र सरसफाइ आयोजनाका लागि पहल गरे गाउँमा खानेपानीका साथसाथै सरसफाइमा उल्लेखनीय प्रगति गरे। यसरी एकातिर छिमेको गाउँहरू खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसक्दा पनि अर्कातिर बेलडाँडाका बाटाघाटामा भने नाक थुनेर हिँड्नु पर्ने अवस्था थियो।

मुहान भत्कनु, सरसफाइसम्बन्धी चेतना अद्यावधिक हुने कुनै संयन्त्र नहुनु र कच्ची चर्पीलाई पक्कीमा बदल्ने चासो अधिकांश गाउँलेमा नहुनु नै यी दुरावस्थाका कारण थिए। यो अवस्थामा सुधार ल्याउन बेलडाँडावासीहरू जुर्मुराए। उपभोक्ता समितिले खानेपानी आयोजनाको मर्मत तथा गाउँलाई खुल्ला दिसामुक्त क्षेत्र बनाउने कार्यमा सहजीकरणमा सहयोग गर्नका लागि नेवालाई अनुरोध गर्‍यो।

## जुर्मुरायो बेलडाँडा

६९ घर परिवार र ३ सय ८९ जनसंख्या भएको यस समुदायमा आयोजना पुनरूत्थानका लागि सर्भेक्षण भयो। आधारभूत सरसफाइको अवधारणा अनुसार प्रक्रियाहरू अघि बढे र हेर्दाहेर्दै गाउँ दिसामुक्त भयो। गाउँका ६२ वटै घरमा पक्की चर्पी निर्माण भए । सात वटा घरमा यस अघि नै चर्पी बनिइसकेका थिए। गाउँका सार्वजनिक स्थानमा सरसफाइका सन्देश

---

** आर्थिक वर्ष २०४९/५० देखि मात्र नेवा मार्फत् आयोजना कार्यान्वयन हुन थालेको हो। यस अघिसम्म वाटरएडले नै उक्त भूमिका निर्वाह गर्ने गर्दथ्यो।*

लेखेका पाटीहरु राखिए । मुहानमा नयाँ इन्टेक बनियो। ९ वटा नयाँ धारा बने भने केही धाराहरूको मर्मत गरियो। हाल यस गाउँमा धाराबाट खेर गएको पानीको सदुपयोग गरी करेसाबारी लगाउने चलन बढेको देख्न सकिन्छ, जसबाट उनीहरूले सजिलै ताजा तरकारी उपलब्ध गर्न सक्छन् र यो उनीहरूको आर्थिक उपार्जनको माध्यम पनि बन्न सक्छ।



*बेलडाँडामा खेर गएको पानी सदुपयोग गरी करेसाबारी लगाउने चलन बढ्दैछ*

समुदायलाई खुल्ला दिसा मुक्त क्षेत्र बनाउन समुदायका सबै सदस्यको यथासक्य योगदान रह्यो। काम गर्दै जाँदा देखा परेका कतिपय समस्यालाई उनीहरूले आफ्नै तहबाट सुल्झाए। गाउँलाई सरसफाइयुक्त बनाउनका लागि गाउँमा बाल समूह तथा महिला समूहहरू बने जसले उपभोक्ता समितिलाई आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुऱ्याए। फलस्वरुप २०६५ साल फागुन २४ मा यो गाउँ खुला दिसामुक्त क्षेत्र घोषणा भयो ।

गाविसभरिमै सरसफाइ अभियानका रुपमा अघि बढेको हुँदा यो क्षेत्रकै वासिन्दाहरूमा स्वस्थ प्रतिस्पर्धाको भावनाको विकास भएको छ। चर्पी निर्माण र प्रयोग मात्र नभई सफा र स्वस्थ रहन गर्नु पर्ने सबै खालका क्रियाकलापप्रति उनीहरू संवेदनशील देखिन्छन्। किनभने पानी तथा खानेकुरा छोपेर राख्ने, भाँडाकुँडा चाङँमा सुकाउने, निश्चित ठाउँमा मात्र फोहोर फाल्ने जस्ता कुराहरू उनीहरूका दिनचर्याका अङ्ग बनेका छन्। अब उनीहरू सरसफाइको अवस्थालाई खस्कन नदिने कुरामा प्रतिबद्ध छन्।




*कुनै समयको फोहोरी बेलडाँडा अब खुल्ला दिसा मुक्त क्षेत्र घोषित भइसकेको छ*

"गाउँ सफा भएपछि झाडापखालाका घटनाहरू हुन छाडे। बिरामी बोकेर अस्पताल लैजानु पर्ने अवस्थाको अन्त्य नै भएको छ।" स्थानीय हनुमान प्राथमिक विद्यालयका शिक्षक काशीराम पाटामगर भन्छन्। विगतमा सरसफाइको पाटो सन्तोषजनक नभए पनि आगामी दिनमा आफ्नो समुदाय सरसफाइमा नमूना बन्ने प्रतिबद्धता व्यक्त गर्दै बेलडाँडा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष रुद्रबहादुर बोगटी भन्छन्, "बेलडाँडा अब पछि फर्कँदैन।"

- फागुन २०६५